# ल्हो राज्यको घेन्पा राजनीतिले सिकाएका पाठ

रामचन्द्र बराल

## परिचय

समाजले उपलब्ध स्रोत नियन्त्रण र परिचालन गर्न विभिन्न खाले बन्दोबस्त मिलाउँदै आएको पाइन्छ । मानिसको बसाइँसराइ, नयाँ समूह सँगको सम्पर्क, र जीविकाका लागि गरिएका प्रयत्नका कारण समन्वय, सहकार्य, संघर्ष, द्वन्द्व आदि विभिन्न किसिमका सामाजिक प्रक्रियाहरू सतहमा आउँछन् । तिनको व्यवस्थापन र बन्दोबस्तीका लागि समय र परिस्थिति अनुसार स्थानीय नेतृत्व परिपाटीको निर्माण हुँदै आएको छ । नेपालको पछिल्लो राजनीतिक प्रणालीमा स्थानीय दलतन्त्रका अभ्यासले पालिकाहरूले गर्ने नेतृत्वको भूमिका उल्लेख्य रहेको छ, र निर्वाचित जनप्रतिनिधिको उपस्थितिले स्थानीय तहमा नयाँ आयाम थपेको छ ।

यद्यपि, कतिपय समाजले परम्परागत नेतृत्व प्रणालीको पनि अभ्यास गरिरहेका छन् । गण्डकी प्रदेशको उत्तरी ढोकाका रूपमा पहिचान बनाएको मुस्ताङको उपल्लो थलो ल्हो उपत्यका हो । यो ऐतिहासिक ल्हो राज्यको राजधानी पनि हो । यहाँ ग्रामीण नेतृत्वका रूपमा मुखियाको नियुक्ति तथा परिचालन गर्ने परम्परा धेरै पहिलेदेखि चल्दै आएको छ । मुखियालाई यहाँ घेन्पा भनिन्छ । यो लेख यहाँको रैथाने घेन्पा नेतृत्व प्रणालीका सामाजिक तथा सांस्कृतिक रणनीतिबारे गरिएको अध्ययनमा आधारित छ ।[१]

समाज विज्ञानमा सामाजिक एकाइ, व्यक्ति र परिस्थिति बीचको पारस्परिक सम्बन्धलाई व्याख्या गर्ने प्रकार्यवादी-समन्वयवादी सैद्धान्तिक दृष्टिकोण उपयोगी मानिन्छ (पार्सन्स, बेल्स र शिल्स सन् १९५३) । यही प्रकार्यवादी-समन्वयवादी सैद्धान्तिक दृष्टिकोण मार्फत ल्हो राज्यको रैथाने घेन्पा प्रणालीमा राजनीतिक समाजशास्त्रका चरित्रहरू आकलन गर्न खोजिएको छ ।

खास गरी यहाँ ऐतिहासिक ल्हो राज्यको बदलिँदो राजनीतिक पहिचानसँगै बदलिरहेका घेन्पा राजनीतिका रणनीतिहरू र नागरिक तथा घेन्पा नेतृत्वबीच सम्बन्धका ढाँचाहरू

[१] यो लेख बराल (२०७५) मा आधारित छ । यसका लागि जेठ २०७५ मा ल्हो उपत्यकामा १५ दिन स्थलगत अवलोकन गरी द्रुत सामाजिक लेखाजोखा विधिको माध्यमद्वारा स्थलगत सूचना संकलन गरिएको थियो ।

*समाज अध्ययन* १४ : ११९–१३५, २०७६

केलाउन खोजिएको हो । यो लेख मूलतः नेतृत्व निर्माण र परिचालनका विभिन्न सामाजिक अवयवसँग जोडिएका पक्षहरूको सम्बन्धगत विवेचनामा केन्द्रित छ ।

## ल्हो राज्यको सामाजिक ऐतिहासिकता

फ्रान्सका मिसेल पेइसेलले आफूले सन् १९६४ मा गरेको भ्रमणका आधारमा तयार पारेको पुस्तकमा मुस्ताङ राज्य आमेपालले स्थापना गरेको र मुस्ताङी राजखलकको पुर्खा उही आमेपाल नै भएको दाबी प्रस्तुत गरेका थिए (पेइसेल सन् १९६७) । अरूले पनि उनको दाबीलाई बरोबर उद्धृत गरेको पाइन्छ । यही स्रोतका भरमा मुस्ताङको ल्हो राज्यको राजनीतिक इतिहासमा विद्यावारिधि गरेका रमेशप्रसाद ढुंगेलले पनि मुस्ताङको ल्हो राज्यको संस्थापक आमेपाललाई नै मान्दै उनले सन् १४४० मा यसको स्थापना गरेको दाबी गर्न पुगे (ढुंगेल सन् २००२) । तर यस्ता दाबीलाई नारायण क्षेत्री (२०४४) ले खण्डन गरेका छन् । उनका अनुसार ल्हो राज्यको राजपरिवारको वंशावली दरबारको सहभागितामा र तिब्बती भाषा अनुवादकहरूको सहयोगमा तयार पारिएको थियो । सो विवरणमा आमेपाल भन्ने नाम कुनै पनि पुस्तामा छैन, र संस्थापकका रूपमा मिचेल घ्युकल पाइएको थियो । आधिकारिक दस्तावेजको अभावमा वंशावलीलाई नै भरपर्दो आधार मान्नु उपयुक्त देखिएकाले ढुंगेल (सन् २००२) र पेइसेल (सन् १९६७) का दाबीभन्दा क्षेत्री (२०४४) को दाबी बढी भरपर्दो छ ।

भौगोलिक तथा सामाजिक विविधताले समृद्ध गण्डकी प्रदेशका कतिपय स्थानहरू सभ्यता र सामरिक रूपमा पनि परिचित छन् । नेपाल एकीकरणभन्दा पहिलेको आर्थिक-राजनीतिक सम्बन्धको कुरा गर्दा, भोट र भारतका बीच आर्थिक कारोवारका लागि प्रयोग हुँदै आएका पाँच ओटा पैदल मार्गमध्ये सबैभन्दा छोटो र होचो मार्गका रूपमा पहिचान बनाएको कालीगण्डकी करिडोर भोट–भारत व्यापारको मुख्य मार्ग नै थियो । त्यस मध्येको एउटा ऐतिहासिक नाका थियो मुस्ताङ जिल्लाको ल्हो उपत्यका (ग्राफेन र शिबर सन् १९९३) । यो प्रदेशको दक्षिणी मैदान पाल्पाली सेन राज्यको सामाजिकीकरण प्रक्रियाले निर्माण गरेको मानिन्छ । खस साम्राज्यको पतनपछि सन् १५५० मा रुद्र सेनले स्थापना गरेको पाल्पाली राज्यको प्रभाव मुकुन्द सेनका पालामा बाग्लुङभन्दा माथि कागवेनी मुक्तिनाथसम्म र पूर्वको चौदण्डी र विजयपुरसम्म फैलिएको थियो (बानियाँ २०७०) । जुम्ला राज्यले डोल्पाको बाटो आएर कागवेनी–मुक्तिनाथ क्षेत्रसम्म राज्य विस्तार गरी ल्होलाई उपल्लो मुस्ताङमा नै सीमित गर्न खोज्दा भएको युद्धमा ल्होका राजालाई कागवेनीमा बन्दी बनाएको एउटा प्रसंग टेकबहादुर श्रेष्ठ (२०५९) र ज्याम्बल र भिण्डिङ (सन् १९८७) ले उल्लेख गरेका छन् । त्यति बेला जुम्ला र ल्हो राज्यबीच बरोबर युद्ध भइरहन्थ्यो । उनीहरूका अनुसार, सन् १७१९ मा ल्होका राजाले लद्दाखी राजकुमारी (जसकी आमा

ल्हो राज्यकै थिइन्) विवाह गरे, र राजकुमारी ल्हो फर्किंदा जुम्ली सैनिकले कागवेनीमा पक्राउ गरी थुनामा राखेका थिए। पर्वतका राजा मलेबम मल्लका सेना र लद्दाख राज्यका जनरल छुलठिम दोर्जेका सेनाको संयुक्त सहयोगमा जुम्लीहरूलाई निस्तेज पारी ल्होका राजालाई मुक्त गराएको थियो। यद्यपि, उनीहरूका अनुसार लद्दाखी प्रभुत्वको मातहतमा ल्हो राज्यले कागवेनी–मुक्तिनाथ क्षेत्रलाई नियन्त्रणमा राखेको थियो। यसपछि पनि जुम्लाले ल्होमाथि आक्रमण गरेको थियो र ल्होमाथि आफ्नो नियन्त्रण जमाउन सफल भएको थियो (ज्याम्बल र भिण्डिङ सन् १९८७)।[२]

ल्हो राज्य सन् १९६० को दशकमा भएको खम्पा विद्रोह प्रकरणले नराम्ररी प्रभावित भयो। विद्रोहका कारण नाका बन्द हुनाले कारोबारको दिशा बदलियो। नाका बन्द हुँदा ल्हो राज्यमा चरम आर्थिक संकट भोग्नु परेको थियो।

भौगोलिक र सामरिक भूमिकाका साथै ल्हो राज्य सामाजिक-राजनीतिक प्रणाली र संस्कारले पनि परिचित छ, र घेन्पा प्रणाली यस्तै एउटा स्थानीय रैथाने सामाजिक, सांस्कृतिक, र राजनीतिक प्रणाली हो। सन् १९९० पछि, र खास गरी सन् २००६ पछि, नेपालमा राजतन्त्रको अन्त्य भएपछि मुस्ताङी राजालाई राजकीय सुविधाहरूबाट वञ्चित गरिएको थियो, र ल्हो राज्यका घेन्पा प्रणाली जस्ता परम्परागत संस्थाहरूको विकल्पका रूपमा स्थानीय निकाय र स्थानीय तहका राजनीतिक संयन्त्रहरू निर्माण हुँदै गएका छन्। यस्ता राजनीतिक र आर्थिक उतारचढाव र संकटका बाबजुद पनि ल्होका जनताले राजतन्त्र र त्यसको प्रशासनिक स्थानीय नेतृत्व घेन्पा प्रणालीलाई अझैसम्म निरन्तर र क्रियाशील राखेका छन्, र त्यहाँ सामाजिक-सांस्कृतिक मजबुती कायम रहेको छ। यस्तो मजबुतीमा घेम्पाले खेलेको भूमिका र टिकाउका रणनीतिहरू के थिए भन्ने जिज्ञासा यो अध्ययनको प्रेरक पक्ष हो।

## नेतृत्व प्रणालीको सैद्धान्तिक विवेचना

ल्हो राज्यको राजतन्त्रको तत्कालीन राजनीतिक बन्दोबस्ती निश्चय नै प्रकार्यवादी समाजशास्त्री टाल्कट पार्सन्स, रोबर्ट बेल्स र एड्वार्ड शिल्स (सन् १९५३) ले भने झैँ रैथाने तनाव व्यवस्थापनका काइदा र स्थानीय सामाजिक सत्ता टिकाउने रणनीतिक सक्रियताका उपज हुन्। समाजमा सुरक्षा तथा नियन्त्रण र सत्ताको निरन्तरताका लागि बनाइएका स्थानीय राजनीतिक पद्धतिहरू स्थानीय परिस्थिति र बाह्य परिस्थितिको प्रभावबाट अनुकूलन हुन खोज्दै निरन्तर बदलिँदै जान्छन्।

[२] तत्कालीन मुस्ताङी राजप्रासादका एक सल्लाहकार तथा हाल गण्डकी प्रदेश सभा सदस्य इन्द्रधारा विष्टसँग असोज २०७५ मा भएको कुराकानी।

ऐतिहासिक रूपमा अर्ध-घुमन्ते सामाजिक एकाइको पहिचान बनाएका मानिसहरूको प्रारम्भिक सामाजिक एकाइलाई ग्राम भनिन्थ्यो र ग्राम प्रमुखलाई ग्रामणी भनिन्थ्यो। हरेक मानव ग्रामहरू स्रोतको खोजीका लागि भ्रमण गरिरहन्थे। दुई ग्रामहरू बीचमा स्रोत कब्जाका प्रयासमा हुने जम्काभेट र स्रोत हडप्ने प्रयासलाई संग्राम भनिन्थ्यो। यस्ता संग्रामहरूमा ग्राम मुखिया ग्रामणीले आफ्नो समूहको सदस्य बचाउन र स्रोत प्राप्ति सहज बनाउन विभिन्न रणनीतिक प्रयासहरू गर्दथे। ग्राम व्यवस्थापन गर्ने क्रममा केही स्थिर ग्राममा बसोबास विकास हुन पुग्यो र त्यस्तो ग्राम व्यवस्थालाई ग्राम पाञ्चाली भन्न थालियो (घुरे सन् १९६० : २७–२९; कोशाम्बी सन् १९६५ : ७८; बराल २०७०)। समय क्रममा तिनका नाम र स्वरूप बदलिए। ती ग्राम पञ्चायत हुँदै अहिले गाउँपालिकामा रूपान्तरण भएका छन्। ती बेलाका ग्राम पाञ्चालीका ग्राम नायकहरू मुखिया हुँदै प्रधान र प्रमुखका रूपमा परिचित हुन थालेका छन्।

यसरी विभिन्न सामाजिक एकाइहरूमा स्थानीय शक्ति-सुरक्षा-नियन्त्रणका रणनीतिहरू विकसित हुँदै आएका हुन्। सामाजिक सन्तुलन र यथास्थितिमा सत्ता सुरक्षण गर्ने समाज व्यवस्थाले परिस्थिति अनुकूल हुने गरी विभिन्न रणनीतिहरू क्रमिक रूपमा बनाएको हुन्छ। सामाजिक श्रम विभाजन र सामाजिक तह विभाजन यसका केही उदाहरण हुन्। समाजका सहमतिपूर्ण कर्मलाई सन्तुलन गर्न र सामाजिक अन्तरक्रियात्मक सम्बन्धलाई निरन्तरता दिन ती अति आवश्यक मानिन्छन् (डेभिस र मुर सन् १९७०)। यो तर्कसँग स्थानीय नेतृत्व रणनीतिलाई पनि जोडेर हेर्नु उपयुक्त हुन्छ। किनकि सामाजिक व्यवस्था, घटना र व्यक्तिगत सम्बन्धलाई व्यवस्थापन गर्ने जिम्मेवारी नेतृत्व प्रणालीकै हो। यस्तो खालको मान्यतालाई सामाजिक सहमति सिद्धान्तका रूपमा पनि व्याख्या गरेको पाइन्छ। जस्तै, सामाजिक स्थिरता र निरन्तरताका लागि केही साझा मूल्य र मान्यतालाई समाजको नैतिक मूल्यको रूपमा निर्माण गरिन्छ र त्यसलाई पालना गर्नमा जोड दिइन्छ। त्यो पालना गराउन केही रणनीतिक काइदाहरू पनि त्यही समाजले विकास गर्दछ, र सामाजिक नीति-नियमहरूको पालना गराउने तथा सामाजिक सन्तुलन कायम गर्ने प्रयत्नले सामाजिक सम्बन्ध र व्यवस्थापनका नेतृत्व शैलीहरू निर्माण हुँदै जान्छन् (बर्नार्ड सन् १९८३)।

प्रकार्यवादी समाजशास्त्री टाल्कट पार्सन्सको दृष्टिकोणमा सामाजिक तनाव व्यवस्थापनका लागि नै त्यहाँ नेतृत्व प्रणालीको निर्माण र विकास गरिएको हुन्छ। पार्सन्सका अनुसार समाज व्यवस्थाको निरन्तरताका लागि चार खाले रणनीतिक जुक्तिहरू सक्रिय रहन्छन् : सामाजिक अनुकूलन, लक्ष्य प्राप्ति, पारस्परिक एकता, र तनाव व्यवस्थापन। यीमध्ये परिस्थितिगत तनाव व्यवस्थापनका जुक्तिहरूले समाज व्यवस्थाका अंग, एकाइ, घटना र व्यक्तिगत अन्तरक्रियाहरू सक्रिय र निरन्तर बनाइरहन्छन् (पार्सन्स, बेल्स र शिल्स सन् १९५३; रिट्जर सन् १९९२)।

पार्सन्स (सन् १९६७) का भनाइमा सामाजिक तनाव व्यवस्थापनका लागि निर्माण गरिएका विभिन्न रणनीतिमध्ये हरेक समाजमा सामाजिक सुरक्षा र नियन्त्रणका प्रणालीहरू सक्रिय हुन्छन् । सामाजिक थिति बसाल्न र निरन्तरता दिनका लागि स्थानीय ढाँचाको नेतृत्व प्रणालीको विकास गरिएको हुन्छ । नेतृत्व प्रणालीको कार्यगत सहजताका लागि बनाउने रणनीति नै त्यो नेतृत्व प्रणालीको टिकाउने आधार हो ।

## राजकीय संरचनामा घेन्पा

ल्हो उपत्यकाको राजनीतिक प्रणालीको निर्माण र श्रमको दिगो परिचालनमा स्थानीय तनाव व्यवस्थापनका रैथाने तरिकाहरू जिम्मेवार देखिन्छन् । नागरिक एकीकरण, व्यक्तिगत तथा पारिवारिक झैझगडा व्यवस्थापन, र सामाजिकीकरणलाई सहयोगी तत्त्वका रूपमा विकास गरिएका हुन्छन् । सामाजिक सम्बन्धको विकास तथा परिचालन र बाह्य सीमापार सुरक्षा तथा घुसपैठ र आक्रमणबाट जोगाउन पनि एकीकृत प्रतिवादका लागि अपनत्व सहितको नेतृत्व स्थानीय समाजले आवश्यक ठानेको पाइन्छ ।

गाउँका मुख्य नेता घेन्पाले नागरिक एकीकरणको रणनीतिका रूपमा धार्मिक रीति, पर्व र जीविका प्रणालीलाई सहज पार्दै आएका हुन्छन् । आम जीविकाका लागि कृषि कर्म, चरन प्रणाली, सिँचाइ प्रणाली आदिलाई व्यवस्थापन गरेका हुन्छन् (क्षेत्री २०४४) । अन्य घरेलु तथा व्यक्तिगत तनाव व्यवस्थापनका लागि सामाजिक कार्य पात्रो निर्धारण र न्याय तथा निर्णय दिने काम नै रैथाने राजनीतिको तनाव व्यवस्थापनका दायित्व हुन् ।

स्थानीय तनाव व्यवस्थापनका रैथाने ढाँचामा ल्हो राज्यको सामुदायिक नेतृत्व प्रणालीले काम गरिरहेको छ । पहिले सक्रिय राजतन्त्र हुँदा ल्हो राज्यको ऐतिहासिक राजकीय कार्य विभाजन अनुसार राजाको नेतृत्वमा सात विभागीय प्रमुख सहित आठ जनाको सरकार हुन्थ्यो (हेर्नुहोस्, चित्र १) । राजाको नेतृत्वमा छयो (धर्म विभाग), कास्याक (कानून प्रशासन विभाग), सुन्क्योप (सुरक्षा विभाग), छयाक्जो (गृह विभाग), चिक्याप (विदेश विभाग), चिवा (अर्थ र लेखा विभाग) र मेन्ची (औषधी र ज्योतिष विभाग) निर्माण गरेर राजकीय व्यवस्थापन हुँदै आएको थियो । ल्हो राजालाई सात राजकीय विभागका सर्वोच्च नायक मानिन्थ्यो । कास्याकले राजाको आज्ञा र शास्त्र अनुसारको कानूनको निर्माण गर्ने, सुन्क्योपले राजकीय सुरक्षा र सैन्य मामिलाको व्यवस्थापन गर्ने, छयाक्जोले आन्तरिक मामिलाका कुरा हेर्ने, चिक्यापले वैदेशिक सम्बन्धबारे हेर्ने र राजाको विदेश भ्रमणको व्यवस्थापन गर्ने, र चिवाले अर्थ तथा अन्य लेखा प्रणालीको अभिलेख (मोला) व्यवस्थापन गर्ने कार्य विभाजन थियो । ल्हो राजतन्त्रको अवसानपछि सैन्य, गृह र परराष्ट्र मामिलाका एकाइहरू लुप्त हुन पुगे ।




*चित्र १ : ल्हो राज्यको राजकीय संरचनाका अंगहरू र घेन्पाको स्थिति*

समाजको नेतृत्व परिचालन र एकीकरणको संवाहकका रूपमा घेन्पा प्रणाली औपचारिक रूपमा नै सक्रिय रहँदै आएको छ । ल्हो उपत्यकामा आज पनि धर्म, ज्योतिष र उपचार क्षेत्रमा आम्चीहरू अनौपचारिक रूपमा जनस्तरमा क्रियाशील छन् । उहिले राजाको नेतृत्वमा राजकीय बैठकहरू दरबारमा नगरी धार्मिक गुम्बाहरूमा गर्ने चलन थियो । हाल पनि घेन्पाका सामरिक बैठक गुम्बामा गर्ने र त्यही निर्णयलाई सामाजिक सन्देशका रूपमा फैलाई आचारहरू पालना गराउने गराएर घेन्पा प्रणाली मार्फत जनप्रशासन सञ्चालन गर्ने गरिन्छ । लामा मार्फत धार्मिक क्रियाकलाप परिचालन हुन्छ । मेन्ची मार्फत जडीबुटी र गणित ज्ञानको विकास गर्नका साथै वैद्य उपचार र ज्योतिष गणित सेवा पनि सञ्चालन गर्दै आएका छन् । उनीहरूको आफ्नै पात्रो पनि छ ।[3] यही पात्रो अनुसार र लामाको सुझाव अनुसार गाउँ मुखियाका रूपमा रहेका घेन्पाहरूले गाउँका क्रियाकलापहरूको साइत हेर्ने र समय तयारी गर्ने गर्छन् ।

ल्हो राजतन्त्रमा प्रजाहरूले राजासँग सीधा कुरा राख्न पाउँदैनथे । आफ्नो घेन्पा मार्फत आफ्ना कुरा राजकीय पहुँचमा पुऱ्याइन्थ्यो । यस कारण घेन्पाहरू नै राजा र जनता बीचका सम्पर्क सूत्र थिए (क्षेत्री २०४४) । सामाजिक तनाव व्यवस्थापनका लागि समस्याहरू घेन्पा सामु प्रस्तुत गर्ने र घेन्पाबाट समाधान हुन नसकेका समस्याहरू राजामा पेश गर्ने र राजाले अन्तिम किनारा लगाउने परम्परा थियो ।




*चित्र २ : स्थानीय घेन्पा प्रणालीको तहगत संरचना*

त्यति बेला ती विभागहरूमा काम गर्ने पदाधिकारीका सन्तान-खलकहरूलाई त्यही पारिवारिक नामले चिनाइने गरिन्थ्यो । यस्ता पारिवारिक नामहरू—जस्तै, आम्ची, कुटाक

[3] कुलो कहिले चलाउने, चरन-खर्क कहिले खोल्ने र बाली कहिले लगाउने तथा भित्र्याउने भन्ने बन्दोबस्ती घेन्पाले कार्य पात्रो अनुसार निर्क्योल गर्छन् ।

वा विष्ट, लामा, चिवा—आज पनि पहिचानका आधारका रूपमा प्रयोग भएको पाइन्छ । तत्कालीन मुस्ताङी राजप्रासादका सल्लाहकार तथा हाल गण्डकी प्रदेश सभा सदस्य इन्द्रधारा विष्टका अनुसार त्यति बेलाको राजकीय गौरवका खातिर आफ्नो परिवारले गरेको योगदानको आधारमा आफूलाई चिनाउने प्रचलन भने अद्यापि कायम छ ।[४]

जनप्रशासन सञ्चालनका लागि विकास गरिएको घेन्पा प्रणाली अन्तर्गत गाउँ मुखिया घेन्पाको नेतृत्वमा दुई जना मिती (सल्लाहकार) र छ जना छिमे (लेटोक, कटुवाल) सहित नौ जनाले गाउँको प्रशासन सञ्चालन गर्दछन् (हेर्नुहोस्, चित्र २) । कुटाक वर्गका परिवार भएको ल्होमन्थाङ, छोसेर, चराङ, र घमीमा कुटाक अर्थात् विष्ट परिवारका प्रतिनिधि नै घेन्पा बन्छन् । तर कुटाक परिवारका प्रतिनिधिको बसोबास नभएका अन्य गाउँहरूमा कुटाक बाहिरका, खास गरी फलवा (गुरुङ थर लेखाउनेहरू), परिवारका प्रतिनिधि घेन्पा बन्छन् ।

## घेन्पा प्रणालीको सामाजिक संरचना

घेन्पा प्रणाली पारिवारिक तहगत संरचनामा आधारित छ, र परिवार जन्म वा वंशजमा आधारित छ । ल्होमन्थाङ दरबार क्षेत्रको गाउँमा घेन्पा हुन कुटाक परिवारका सदस्यले मात्र मौका पाउँछन् । दुई जना मितीमध्ये एक जना राजाले मनोनीत गर्ने र अर्को घेन्पाले मनोनीत गर्ने परम्परा छ । सन् २०१९ को तिजी पर्वदेखि सांस्कृतिक राजतन्त्रको अभ्यासलाई निरन्तरता दिएका छन् ल्हो उपत्यकाका बासिन्दाहरूले । पुरानो राजा जिग्मे परवल विष्टको परम्परागत भूमिकामा राजपरिवारका उत्तराधिकारी जिग्मि विष्टलाई पुनःस्थापना गरी उनीहरूले उक्त पर्व मनाए । यसै कारण घेन्पा संरचनामा संरक्षकका रूपमा राजपरिवार निरन्तर रूपमा छ । त्यसै गरी, कटुवाल (छिमे) को लागि फावा (प्रजा) परिवारले पालैपालो जिम्मेवारी लिने प्रचलन छ ।[५] कुटाक परिवार भएको गाउँमा विज्ञताका आधारमा फावा परिवारलाई मितीमा मनोनीत गरे पनि घेन्पा कुटाक परिवारबाटै बनाइन्छ । एक गाउँका छ कटुवालले घेन्पा र जनता बीच सम्पर्क सूत्रको काम गर्दछन् ।

राजवंशका परिवारलाई पहिलो तहको कुटाक वर्गको रूपमा चिनिन्छ र उच्च खानदान परिवार मानिन्छ । गाउँको घेन्पा हुन उनीहरूलाई सामाजिक मान्यता प्राप्त छ । यो खलकका मानिसहरू विष्ट थरले चिनिन्छन् । दोस्रो तहको सामान्य रैती परिवारलाई फावा भनिन्छ ।

[४] असोज २०७५ मा गरिएको कुराकानी ।

[५] यी तथ्य असार २०७५ मा ल्होमन्थाङ दरबार परिसरमा गरिएको सामूहिक छलफलका क्रममा स्थानीय अगुवा कर्मा आङ्गेलले बताएका थिए भने राजपरिवारका उत्तराधिकारी जिग्मे परवल विष्टले पनि व्यक्तिगत संवादमा त्यसलाई पुष्टि गरेका थिए । पछिल्लो सांस्कृतिक आलंकारिक राजा र मिती (सल्लाहकार) छान्ने प्रक्रियामा ल्हो दरबारको भूमिका निरन्तर रहेको तथ्य स्थानीय वडाका प्रतिनिधि रिन्झिन दोर्जे विष्टले पुस १६, २०७६ मा गरिएको टेलिफोन वार्तामा पुष्टि गरेका थिए ।

फावा परिवारका सदस्यले गाउँको कटुवालको भूमिका निर्वाह गरेका हुन्छन् । यिनीहरू खेती र व्यापारमा क्रियाशील हुन्छन्, र कटुवालको भूमिकामा भएकाले घेन्पा र जनताका बीचको सम्पर्क सूत्रको काम गर्दछन् । यो वर्गका मानिसहरू गुरुङ थरले चिनिन्छन् । तेस्रो तहमा पेशागत शिल्पी समुदाय छन्, जसलाई ह्गिमा भनिन्छ । यसमा घारा (लोहार काम), सेम्जोवा (सिलाउने काम) र सेम्पा (मासु काट्ने काम) गर्नेहरू रहेका छन् । यो वर्गका मानिसहरू पहिला विश्वकर्मा थर लेख्ने गर्दथे । तर पछिल्ला दिनमा रोङ (दक्षिणका) जातिहरूमा विश्वकर्माको पहिचान दलितसँग जोडिएकाले सामाजिक हेलाको डरले लोवा थर प्रयोग गर्न थालेका छन् । ल्हो उपत्यकाका रैथाने जातिको सामाजिक तह अनुसार घरधुरी संरचना तालिका १ मा देखाइएको छ ।

**तालिका १ : ल्हो उपत्यकाका सात गाउँमा सामाजिक तह अनुसारको घरधुरी विवरण**

| क्र.सं. | तहगत जातीय विवरण | छोनुप | छोसेर | ल्होमन्थाङ | चराङ | घमी/घिलुङ | सुर्खाङ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | कुटाक परिवार (विष्ट) | ७ | ४ | २० | ४ | ३ | २ | ४० |
| २ | फावा परिवार (गुरुङ) | १८९ | १५० | ११५ | १२८ | १६६ | १०१ | ८४९ |
| ३ | ह्गिमा परिवार (लोवा) | ० | ० | २५ | १ | २ | ० | २८ |
| | जम्मा | १९६ | १५४ | १६० | १३३ | १७१ | १०३ | ९१७ |

*स्रोत : स्थलगत अवलोकन, वि.सं. २०७५*

घरधुरीलाई पिरामिड आकारमा विवेचना गर्ने हो भने जम्मा ९१७ घरमा राजघराना कुटाक परिवारभन्दा फावा परिवारको संख्या २० गुणा बढी छ र ह्गिमा परिवारको संख्या थोरै छ । ह्गिमा परिवार राजधानीका रूपमा चिनिएको मन्थाङ दरबार निकटको घट्ट खोला पारि बसोबास गरेका छन् । फावा अर्थात् गुरुङ परिवारको बाहुल्य सबै गाउँमा देखिएको छ । राजखलक कुटाक परिवारको उपस्थिति नभएको गाउँमा ग्रामीण नेतृत्वका लागि फावा परिवारका सम्पन्न र दरबारसँग पहुँचमा रहेका परिवारले गाउँको नेतृत्वको मौका पाउने गरेका छन् । यस्तो मौका पाउने फावा परिवारमा पनि स्थापित राजकीय स्वीकृति पाएको परिवारको जेठो छोरा (ढोङ्बा) ले परिवारको सम्पत्तिको उत्तराधिकार र ग्राम नेतृत्वको समूहमा सहभागिता पाउने अभ्यास छ (चलाउने सन् २००९) ।

घेन्पा हुनाका कारण प्रजाको काममा समर्पण भइरहनुपर्ने र गाउँ बाहिर जान पनि नपाइने भएकाले राजधानी मन्थाङदेखि बाहिरका कतिपय गाउँहरूमा दुई जना घेन्पा चुनिएको पनि पाइएको छ । यसो गरेपछि गाउँ बाहिर जानु पर्दा सट्टामा अर्कोलाई पालो दिएर जान सहज भएको छ ।

घेन्पाको भूमिकामा घरको रोलक्रम अनुसार पालोमा पर्ने र त्यस घरमा पुरुष नभएको अवस्थामा महिलाले वा माक्पा (घर ज्वाइँ) ले प्रतिनिधित्व गर्ने गरेका छन् । यो चाहिँ पछिल्लो समयमा आएको परिवर्तन हो । आफ्नो पालोमा परिवारले घेन्पाको भूमिका निर्वाह गर्न नसकिएमा मूल्य तिरेर भए पनि अर्को प्रतिनिधि खडा गर्नु त्यो परिवारको कर्तव्य हो । यहाँ घेन्पालाई शक्ति परिचालनको मौकाका रूपमा नलिई गाउँ व्यवस्थापनमा परिवारको दायित्वका रूपमा हेरिन्छ । घेन्पाको भूमिकामा चराङ गाउँमा माया विष्ट र घमी गाउँमा राजु विष्टले निकै लामो समयदेखि नेतृत्व गर्दै आएका छन् ।[६] परिवारको प्रतिनिधिको रूपमा पुरुष नभएपछि सुर्खाङ क्षेत्रको सीमान्त गाउँ याराका महिला छेमजुङ गुरुङ (५२) घेन्पा बनेकी थिइन् (श्रेष्ठ सन् २०१९) । हरेक वर्ष घेन्पाको पालो फेरिने २२ घरबस्तीको यारा गाउँमा घरमूली जो छ उसैले घेन्पाको भूमिका निर्वाह गर्नु पर्दछ । त्यति बेला घेन्पा कुन व्यक्ति बन्नेभन्दा कुन घरको पालो भन्ने कुरा महत्त्वपूर्ण मानिने स्थानीय महिला अगुवा कर्साङ छुटिन गुरुङले बताइन् ।[७]

**तालिका २ : परिवारमा श्रम विभाजन**

| क्र.सं. | परिवार सदस्य | काम तथा भूमिका |
|---|---|---|
| १ | ढोङ्बा (जेठो दाजु) | व्यापार, राजनीति, सामाजिक तथा सार्वजनिक चासोमा परिवारको प्रतिनिधित्व र परिवारको उत्तराधिकारी, जनसम्पर्क, राजसम्पर्क |
| २ | फोराङ (कान्छो भाइ) | चौपाया चराउने, खेतीपातीमा काम गर्ने, सिँचाइ तथा वन संरक्षणमा श्रमदान गर्ने |
| ३ | मोराङ्बो (बहिनी) | परिवारको सहयोगी |
| ४ | घेपो/घेमो (वृद्ध पुरुष/महिला) | बालबालिकाको रेखदेख |
| ५ | ङयालु/ङयामु (वैधानिकता नभएका केटाकेटी) | परिवारको श्रम सहयोगी |
| ६ | माक्पा (घर ज्वाइँ) | ससुराको शेषपछि सम्पत्ति र सामाजिक भूमिकाको उत्तराधिकारी |

*स्रोत : चलाउने (सन् २००९)*

[६] नेतृत्व बर्सेनि परिवर्तन हुने भए पनि उनीहरू तत्कालीन राजघरानाका नातेदार हुनाले विशेषाधिकार उपयोग गरी निरन्तर घेन्पा भएका हुन् ।

[७] गुरुङसँग असोज २०७६ मा भएको कुराकानी ।

परिवार प्रणालीभन्दा बाहिर व्यक्तिगत सुरक्षा न्यून भएकाले परिवारको सम्पत्ति व्यवस्थापनको परम्परागत सन्तुलन कायम गर्न बहुपति प्रणालीको इतिहासको सिकाइ पालना गर्दै जेठो छोरा (ढोङ्बा) लाई पारिवारिक नेतृत्वको प्राथमिक विशेषाधिकारको र अन्य सन्तानलाई सहयोगी भूमिकाको विभाजन गरेर कार्य विभाजन गर्ने परम्परा छ (चलाउने सन् २००९) । पारिवारिक सम्पत्तिको उत्तराधिकारी मात्र नभएर सामाजिक सार्वजनिक निर्णयमा पनि ढोङ्बाको सक्रिय सहभागिता हुने चलाउनेको दाबी छ । उनका अनुसार परिवारका अन्य सदस्यहरू राय प्रकटमा भन्दा राय पालनामा सीमित देखिन्छन् । यो भूमिकाका आधारमा सामाजिक राजनीतिका हिसाबमा विकास भएको श्रम विभाजन ढाँचा तालिका २ मा देखाइएको छ ।

ल्हो राज्यको परम्पराले पारिवारिक तथा राजकीय नेतृत्वमा परिवारको जेठो दाजुको भूमिकालाई प्राधान्य दिएको छ भने अन्य भाइहरूको भूमिकालाई सहयोगीका रूपमा लिएको छ । यसलाई प्रकार्यवादी सन्तुलन तथा पारिवारिक सुरक्षा र नियन्त्रणको रणनीति मान्न सकिन्छ । विगत २५ वर्षयता व्यापार तथा पर्यटनका हिसाबमा बाहिरी समाज सँगको अन्तरक्रियात्मक सम्बन्धको सघनताका कारण केही परिवर्तन आएको छ । बाहिरी समाजको सम्पर्कका आधारमा फोराङ र मोराङ्बोहरू नयाँ ढाँचाको एकल परिवार प्रणालीका लागि उत्सुक हुँदै गएको र व्यापार-व्यवसायका लागि अन्यत्र सक्रिय हुने गरेको पाइएको छ । गाउँमा रहेका बेला पनि सामाजिक र सांस्कृतिक रूपमा फोराङ तथा मोराङ्बोले ढोङ्बाको नेतृत्वको परिवार प्रणालीलाई टिकाउन सहयोग गरिरहने र गाउँको नेतृत्व गर्न घेन्पाको पदमा पुगेको ढोङ्बालाई गाउँकै राजा वा राजाको मान्छेका रूपमा सम्मान गर्दै एकता प्रदर्शन गर्ने काम गर्दै आएका छन् ।

यद्यपि, कतिपय गाउँमा कुटाक परिवार र पुराना घेन्पा परिवारकै सदस्यहरू जननिर्वाचित पदाधिकारीका रूपमा आएका छन् । जस्तै, ल्हो गाउँपालिका प्रमुख सुवर्ण विष्ट र लोघेकर-दामोदर कुण्ड गाउँपालिका प्रमुख राजु विष्ट दुवै कुटाक परिवारका हुन् र पुराना घेन्पा नै हुन् । त्यसै गरी, सुर्खाङ क्षेत्रको डिही गाउँका वडाध्यक्ष हिरा लामा पुराना घेन्पा हुन् । यिनीहरूले पुरानो घेन्पाको विरासतको बल पनि पाएका छन् । अरू फावा परिवारका वडाध्यक्ष र कर्मचारी सरकारी पैसा निकासाका लागि कागजात मिलाउने सहयोगी र सरकारी निकायको नेतृत्व सम्हाल्ने कानूनी नेतृत्व (डि जुरे) मात्र हुन् र वास्तविक नेतृत्व (डि फ्याक्टो) भनेको घेन्पा नै हो भन्ने धारणा विद्यमान छ ।

## शक्ति परिचालन र दण्ड रणनीति

सामाजिक सन्तुलन टिकाउनका लागि र सामाजिक सुरक्षा तथा नियन्त्रणका लागि राजदरबारले घेन्पाको परिचालन गरेको देखिन्छ । यस्तो ग्राम नेतृत्व प्रणाली अन्यत्र पनि

अभ्यास हुँदै आएका थिए । प्राचीन ग्राम पाञ्चालीका ग्रामणीहरू मुखिया हुँदै प्रधान र प्रमुखमा परिचित हुन थालेका छन् । उपल्लो मुस्ताङमा ती अद्यापि घेन्पाका रूपमा क्रियाशील छन् भने तल्लो मुस्ताङको थकाली समुदायमा मुखिया नामबाट चिनिएका छन् (बराल २०७० : ५३) ।

घेन्पा प्रणालीले प्रजाका लागि न्यायिक सेवा दिने, खेतीमा सिँचाइको पालो निर्धारण गर्ने, चरण क्षेत्रमा पशु चराउने पालो तय गर्ने र अनुगमन गर्ने, कृषि पात्रो तयार गरी लागू गर्ने, भौतिक पूर्वाधारहरूको मर्मतका लागि श्रमिक परिचालन गर्ने र अन्य गाउँसँग समस्या आएमा गाउँ सभा बोलाएर समाधानको साझा बाटो तय गर्ने जस्ता कर्महरूलाई आजसम्म पनि व्यवस्थापन गरेको छ । यस्तो व्यवस्थापनको एउटा उपायको रूपमा एउटा विशिष्ट प्रकारको दण्ड प्रणाली विकास गरिएको छ । गाउँका मुख्य नेता घेन्पाले विविध खाले न्याय र सामूहिक निर्णय दिने गर्दछन् । सामूहिक निर्णयबारे नागरिकहरूलाई सूचित गर्न तथा ती निर्णय लागू गराउन छिमे अर्थात् कटुवाललाई विशेष अधिकार दिइएको छ । निर्णयबारे गाउँलेहरूलाई हाँक लगाएर (चर्को स्वरमा सबैले सुन्ने गरी आवाज दिएर) छिमेले सूचित गर्दछन् र त्यसको पालना नगर्ने परिवारलाई जरिवाना लगाउने र त्यो जरिवाना रकम गाउँकै सार्वजनिक समारोहको व्यवस्थापन खर्चमा प्रयोग गर्ने प्रणाली रहेको छ । यस्तो जरिवानालाई स्थानीय भाषामा “स्हेवा” भनिन्छ । स्हेवाको भावार्थ “मबाट गल्ती भएकोमा माफी मूल्य लिएर क्षमा पाऊँ” भन्ने हुन्छ । विगतमा सामूहिक काममा सहभागी नभएमा यस्तो जरिवाना स्वरूप सो सामूहिक काममा गर्नुपर्ने श्रमदानको ज्याला बराबरको उत्पादित गहुँ तिर्ने चलन थियो । गहुँ तिर्ने चलन सँगसँगै पछि नगद तिर्ने चलन पनि अभ्यासमा आएको छ । घेन्पाले बोलाएको सामान्य वा नियमित बैठकमा नआएमा गाउँमा नभएको भए पनि जरिवाना तिर्नु प्रजाको दायित्व हो भन्ने बुझी एक दिनको मजदुरी ज्याला तिर्ने अभ्यास ल्हो उपत्यकामा आज पनि कायम छ । कुनै गाउँमा अन्नको साटो पाँच सय रुपियाँसम्म जरिवाना तिर्ने अभ्यास देखिएको छ । यो जरिवाना रणनीतिले गर्दा छिमेको अनुगमन तथा नियमन कार्यमा सक्रियता बढाउन पनि सघाएको छ ।

गाउँको कुनै जरुरी विषयमा निर्णय गर्न बोलाइएको बैठकमा उपस्थिति हुन नगएको अवस्थामा, कामको महत्त्वका आधारमा दिन गन्ती ज्यालाभन्दा बढी पनि जरिवाना लिने गरेको गाउँलेले जनाएका थिए ।[८] त्यस्तो जरिवाना घेन्पा क्षेत्रकै गाउँको सामूहिक काममा खर्चने भएकाले सार्वजनिक मेला, पर्व र कामहरूमा सक्रिय सहभागिता जुटाउने र खर्चने स्रोतको जोहो गर्न यस्तो जरिवाना प्रयोग गरिन्छ ।

घेन्पाको सहयोगीको रूपमा रहेको कटुवालको भूमिका निर्वाह गर्न नसक्ने अवस्था आएमा घरहरूका बीचमा कटुवाल बन्ने दायित्वका लागि पालो लगाउने रणनीति

[८] स्थानीय अगुवा ज्ञानेन्द्र विष्टसँग असोज २०७५ मा गरिएको कुराकानी ।

अपनाइएको छ । गाउँको परम्परागत स्रोत प्रयोग र व्यवस्थापनमा भाग लिने अवसरको सुरक्षाका लागि घरकुरिया बीचमा पालो लगाउने बाध्यकारी नियम बसालिएको देखिन्छ । यदि कुनै घरले त्यो दायित्व बहन गर्नबाट आनाकानी गर्‍यो भने उसलाई अर्को कुनै व्यक्तिको ज्याला तिरेर भए पनि कटुवालको भूमिकामा मान्छे हाजिर गराउनुपर्ने बाध्यता छ । पछिल्लो समयमा यस्तो कटुवालको भूमिकामा महिलाहरू पनि सहभागी हुन थालेका छन् ।

नेतृत्वको कमाण्डका लागि समुदायको सक्रिय सहभागिता जुटाउने यो रणनीतिलाई प्रकार्यवादी समाजशास्त्री पार्सन्सको दृष्टिकोणसँग जोड्न सकिन्छ । सामाजिक तनाव व्यवस्थापनका लागि यस्ता रणनीतिक उपायहरू अपनाएर सामाजिक सुरक्षा र नियन्त्रण कायम गरेको यसमा छर्लंग हुन्छ । प्रजाहरू जरिवाना तिर्न नपरोस् भनेर माफी माग्न, अर्थात् स्हेवा गर्न, तुरुन्तै पुग्ने र राजकीय बल प्रयोग गर्न नपर्ने स्थितिले त्यहाँको सामाजिक अनुशासन र सन्तुलन कायम गर्न प्रजाहरू उत्सुक हुन्छन् ।

## ल्हो राजतन्त्रको अवशेष

विगतमा ल्हो राज्यभित्र कामको प्राथमिकताको कुरा गर्दा, पहिलो प्राथमिकतामा ल्हो राजदरबारको काममा र त्यसपछि मात्र प्रजाका काममा श्रम परिचालन गरिन्थ्यो । श्रमिकको न्यूनता र राजकीय प्राधान्यताको व्यवस्थापन गर्न यस्तो रणनीति अपनाइएको बताइन्छ । ल्हो राजतन्त्रको औपचारिक अवसानपछि पनि रैथाने सामाजिक अभ्यास यसैतर्फ मुखरित देखिन्छ । ल्हो उपत्यकामा शक्ति केन्द्र र जनताका बीचको सम्बन्ध हुने सांस्कृतिक पर्व तिजी हो, जसले स्थानीय सामाजिक सत्तालाई सार्वजनिक सामाजिक स्वीकृति दिन्छ ।

संघीयताको अभ्यास थालनी भए पश्चात् ल्हो राजतन्त्रको सक्रिय पहिचान रोकिएको छ । गणतन्त्र पछिका केही वर्ष औपचारिक ल्हो राजप्रतिनिधिबिना नै यो पर्व मनाइयो । सन् २०१९ मा भने उक्त पर्वमा पूर्व ल्हो दरबारका उत्तराधिकारीलाई सांस्कृतिक राजाका रूपमा सम्मान गरेको र परम्परागत मियोको रूपमा निरन्तरता दिएकोले घेन्पा प्रणालीलाई निरन्तरता दिएको बुझिन्छ । स्थानीय गाउँपालिकामा निर्वाचित जनप्रतिनिधिहरूले राजनीतिक सत्ता सञ्चालन गर्न थाले पनि राजाको पुरानो भूमिकाको सेतु रहेको घेन्पा पनि सक्रिय ग्रामीण नेतृत्वका रूपमा सामाजिक व्यवहारमा छँदैछ । गाउँपालिका गठन भएको दुई वर्षको अवधिमा निर्वाचित प्रमुख, उपप्रमुख, र वडाध्यक्षहरूलाई राजनीतिक तथा कानूनी रूपमा नेता मानिएको भए पनि गाउँको वास्तविक नेता घेन्पा नै देखिन्छ ।

घेन्पाको भूमिकालाई प्रभाव पार्ने गरी निर्वाचित प्रतिनिधिहरूले पनि विशेष सक्रियता देखाएका छैनन् । स्थानीय परम्परागत रीति-चालचलन तथा रैथाने सन्तुलनमा खलल नपार्ने चनाखो अवस्थामा जनप्रतिनिधिहरू रहेका र गाउँलेहरू बिच्किएमा आफ्नो हैसियत सखाप हुने तथा केन्द्रीय राजनीतिले आफूलाई जोगाउन नसक्ने जोखिम महसुस गरेर घेन्पा प्रणालीको

सहयोगीका रूपमा नै पालिकाहरू क्रियाशील भइरहेकाले दुई वर्षको पालिका अवधिमा कुनै व्यवधान आइपरेको छैन । पालिकाको औपचारिक बैठक सरकारी कार्यालयमा हुने गर्दछ भने घेन्पा प्रणालीका सदस्यहरू र घरमूली ज्येष्ठहरू (मुक्वुवा) को बैठक गाउँभन्दा बाहिर गुम्बामा गोप्य रूपमा हुने गर्दछ । यसरी गुम्बामा बैठक गर्नुको दुई ओटा रणनीति देखिन्छन् : पहिलो, सहभागीहरूले साँचो बोल्नेछन्, र दोस्रो, धर्मको आदेश मानी त्यहाँका निर्णय गोप्य राख्नेछन् र सहजै लागू गर्नेछन् । यस तथ्यका आधारमा घेन्पा प्रणाली टिकाउन धर्मको रणनीति पनि प्रयोग हुँदै आएको भन्न सकिन्छ ।

गाउँको राजा-प्रजा सम्बन्ध व्यवस्थापन गर्ने, सांस्कृतिक कार्यक्रमको आयोजना गर्ने, धार्मिक गुम्बा तथा लामाहरूको जनतासँग सम्बन्ध हुने पर्वहरूको व्यवस्थापन गर्ने, र श्रम परिचालन गर्ने जस्ता दायित्वमा घेन्पाहरूकै भूमिका भएको हुँदा ल्हो राज्यको सामाजिक एकताको रैथाने व्यवस्थापक नै घेन्पा देखिएको हो । यही तथ्यले ल्हो राजनीतिको आधारभूत सत्ता घेन्पालाई मानेको पुष्टि गर्छ । नेपालमा राजतन्त्रात्मक प्रणालीको अन्त्य भएसँगै मुस्ताङी राजालाई राजकीय सुविधाहरूबाट वञ्चित गरिएको भए पनि स्थानीय राजकीय सहभागिताका पर्व तथा परम्पराहरूमा राजपरिवारको उच्च मर्यादा र घेन्पालाई त्यसको प्रतिनिधि मान्दै सम्मान तथा स्वीकार गर्ने सामाजिक भूमिका अझै पनि कायमै छ ।

शासकीय पकड व्यवस्थापनका लागि प्रजाको प्रत्यक्ष सम्पर्क र व्यवस्थापनमा घेन्पा प्रणालीबाट राजा र प्रजा बीचको अनिवार्य कार्यात्मक सम्बन्ध स्थापना गरिएको देखिन्छ । घेन्पा प्रणालीले तोकेको रीति चलन नमानेमा गाउँलेहरूले नै बहिस्कार गरेर एक्ल्याउने डर छ । यो प्रकार्यात्मक रणनीति हो । राजदरबारको इच्छा विपरीत काम गरेको र विरोध गरेको भनेर एक परिवारलाई गाउँमा सार्वजनिक संवाद र सम्पर्क नगर्न र गरेमा राजाको विरोधीका रूपमा व्यवहार गरिने आन्तरिक परिपत्रका कारण सो परिवार सन् २०१३ ताका गाउँमा बस्न नसकेको गाउँलेहरूले बताएका थिए ।

गाउँका कुनै पनि राजकीय कामहरू सम्पादन गर्दा प्रजाका लागि घेन्पा नै वैधानिक नेतृत्व हुँदै आएको छ । घेन्पाको स्वीकृति बेगर हालका जननिर्वाचित पदाधिकारी र कर्मचारीको कुनै सामाजिक मूल्य रहँदैन । उदाहरणका लागि, ल्होमन्थाङ गाउँपालिकामा प्रमुखको रूपमा चुनिएका व्यक्ति सुवर्ण विष्ट र तत्कालीन राज परिवारका बीचको सम्पत्ति सम्बन्धी विवादमा अदालतमा मुद्दा चलिरहेको थियो ।[९] त्यसैले "राजाको विरोधी" का रूपमा सुवर्ण विष्टको चित्रण गरिएको थियो । यस्तो अवस्थामा पालिकामा बढी जनमत पाएर चुनिएपछि पनि विष्टले सामाजिक स्वीकृतिका लागि मन्थाङ दरबारगाउँ तयार नभएर

[९] सुवर्ण विष्टकी दिदी पूर्व ल्हो राजाकी भाउजू हुन् । देवर र भाउजूबीच अंश मुद्दा अदालतमा समेत पुगेको थियो । सुवर्ण विष्ट दिदीको पक्षमा रहेकाले पूर्व राजासँग सम्बन्ध राम्रो थिएन । यद्यपि, यो अंश मुद्दा २०७६ सालमा मिलापत्रमा टुंगियो ।

विलम्ब गरिएको गाउँलेहरूले बताए । विवाद बढ्दै गएमा गाउँको छविमा असर पर्ने ठानेर तत्कालीन दरबारका सल्लाहकार तथा पालिका चुनाव ताका स्वतन्त्र उम्मेदवार इन्द्रधारा विष्टले पुरानो शत्रुता समाधानका लागि स्थानीय गाउँ भेला गरी चुनिएका पदाधिकारीलाई स्वागत गर्ने कार्यको अगुवाइ गरे । यसलाई घेन्पाहरूले पनि सहर्ष स्वीकार गरेर सहकार्य थालनी गरेका थिए ।

## निष्कर्ष

नेपालमा राजतन्त्रको अन्त्यसँगै ल्हो राज्यको राजनीतिक अस्तित्व नेपालमा विलय भयो र राजतन्त्रका अवशेषहरू विघटन गरेको दाबी गरियो । तर दलतन्त्र र निजामती जनशक्तिमा राज्यसत्ता सञ्चालनको जिम्मा आएको अहिलेको परिस्थितिमा पनि स्थानीय जनपरिचालनमा घेन्पा प्रणालीकै निरन्तरता देखिएको छ । उहिलेको घेन्पा प्रणाली टिकाउन जस्तो किसिमको रणनीतिक समीकरण अभ्यास गरिएको थियो, अहिले चुनिएको गाउँपालिका अध्यक्षले पनि त्यही जगमा रहेर घेन्पा परिचालनका माध्यमबाट आफूलाई टिकाउने अभ्यास दोहोऱ्याएको देखिन्छ ।

पुरानो सत्ता परिचालनको रणनीतिक समीकरणमा घेन्पा प्रणालीको प्रभावकारिता बढाउँदै लगेर राजतन्त्र र प्रजा बीचको सम्बन्धलाई सबलीकरण गरिएको थियो । त्यही सबल सम्बन्धका लागि अनुकूल हुने रीतिकरणका रणनीति सञ्चालन ल्याइएको थियो । अर्थात्, घेन्पा प्रणाली = रीतीकरण × (राजतन्त्र + प्रजा सम्बन्ध) ।

नयाँ पालिका सञ्चालन संयन्त्रमा वडा संरचना बनाइएको भए पनि, पालिकातन्त्रका संयन्त्रहरूले घेन्पाकै भरोसामा नागरिक परिचालन गरिरहेका छन् । यस्तो रणनीतिक समीकरणमा घेन्पाले पालिकातन्त्रलाई नागरिक वैधता दिएर सरकारको विकासे बजेट परिचालनमा आफ्नो सक्रियता स्थापित गर्ने हैसियत कायम राखेको छ । अर्थात्, पालिकामा घेन्पा प्रणाली = रीतीकरण × (पालिकातन्त्र + नागरिक सम्बन्ध) ।

यो समीकरणमा रीतीकरणको सांस्कृतिक रणनीतिको सञ्चालक घेन्पा नै हुन पुगेको छ । अर्थात्, घेन्पा परिचालन गर्न सकेसम्म पालिकातन्त्रको नागरिक स्वीकार्यता र निरन्तरता रहन सक्ने ठानिएको छ । यस्तै घेन्पालाई हातमा लिएसम्म पालिकातन्त्रमा टिक्न सकिने, अन्यथा पालिकातन्त्रको सत्तालाई नागरिक स्वीकार्यताको अभाव हुने र अवज्ञा हुन सक्ने जोखिम रहेको देखिन्छ ।

नेपालका अन्य ठाउँका स्थानीय तहमा परम्परागत नेतृत्व प्रणालीलाई सक्रिय दलतन्त्रले विस्थापन गरेर दलीय राजनीतिले नागरिक सत्ता निर्माणमा निर्णायक भूमिका खेलेको देखिन्छ (बराल २०७०) । तर ल्हो उपत्यकामा सक्रिय दलतन्त्रको अभ्यासभन्दा पनि ल्हो राजतन्त्रको सांस्कृतिक-रणनीतिक संरक्षणमा घेन्पा प्रणाली सक्रिय रहेकाले दलतन्त्र कमजोर

नै रहन पुग्यो । पालिकातन्त्र हालका दिनसम्म पनि घेन्पा प्रणालीका माध्यमबाट प्रेरित र परिचालित भएको पाइन्छ । "सरकारी कागज मिलाउने पालिकाको काम, जनताको कुरा सुन्ने र परिचालन गर्ने घेन्पाको काम"—स्थलगत संवादका क्रममा रैथाने ज्येष्ठ नागरिकहरूले दिएको निष्कर्ष यही नै हो ।

## धन्यवाद

यस अध्ययनका क्रममा भेट गरिएका ल्हो राज्यवासीहरूप्रति आभारी छु । यसको प्रारम्भिक मस्यौदामा टिप्पणी गरी परिमार्जनमा सघाउने समाजशास्त्री चैतन्य मिश्र र शेखर पराजुलीप्रति कृतज्ञ छु ।

## सन्दर्भ सामग्री

क्षेत्री, नारायण प्रसाद । २०४४ । *मुस्ताङ दिग्दर्शन* । ललितपुर : साझा प्रकाशन ।

बराल, रामचन्द्र । २०७० । बुह्रान टापुको बडघर प्रणालीमा द्वन्द्वको प्रभाव । विद्यावारिधि शोधप्रत्र, त्रिभुवन विश्वविद्यालय ।

बराल, रामचन्द्र । २०७५ । गण्डकी प्रदेशको ऐतिहासिक ल्हो राज्यको राजनीतिक समाजशास्त्र । अप्रकाशित प्रतिवेदन, समाजशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

बानियाँ, कर्णबहादुर । २०७० । *पाल्पाको इतिहास तथा संस्कृति* । गुल्मी : पुरकोट सेन समाज ।

श्रेष्ठ, टेकबहादुर । २०५९ । *पर्वत राज्यको ऐतिहासिक रूपरेखा* । काठमाडौँ : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

Bernard, Thomas J. 1983. *The Consensus-Conflict Debate: Form and Content in Social Theories*. New York: Columbia University Press.

Chalaune, Prem. 2009. Water, Wealth, and Power: A Case Study from Upper Mustang of Nepal. *Occasional Papers in Sociology and Anthropology* 11: 104–125.

Davis, Kingsley and Wilbert E. Moore. 1970[1945]. Some Principles of Stratification. *American Sociological Review* 10(2): 242–249.

Dhungel, Ramesh 2002. *The Kingdom of Lo (Mustang): A Historical Study.* Kathmandu: Tashi Gephel Foundation.

Ghurye, Govind Sadashiv. 1960. *After a Century and a Quarter: Lonikand Then and Now.* Bombay: Popular Book Depot.

Graafen, Rainer and Christain Seeber. 1993. Important Trade Routes in Nepal and Their Importance to the Settlement Process. *Ancient Nepal* 133: 34–48.

Kosambi, Damodar Dharmananda. 1965. *The Culture and Civilisation of Ancient India in Historical Outline*. London: Routledge & Kegan Paul.

Parsons, Talcott. 1967. *Sociological Theory and Modern Society*. New York: The Free Press.

Parsons, Talcott, Robert F. Bales and Edward A. Shils. 1953. *Working Papers in the Theory of Action*. New York: The Free Press.

Peissel, Michel. 1967. *Mustang, the Forbidden Kingdom.* New York: E.P. Dutton.

Ramble, Charles A. E. and Michael Vinding. 1987. The Bem Cham Village Record and the Early History of Mustang District. *Kailash* 13(1&2): 1–47.

Ritzer, George. 1992. *Classical Sociological Theory*. New York: McGraw-Hill.

Shrestha, Sandesh. 2019. Mountain Livelihoods in a Time of Change: A Case Study of Upper Mustang in Nepal. MS Thesis. Available at https://digitalcommons.library.umaine.edu/etd/3059; accessed November 15, 2019.

## लेखक परिचय

नेतृत्व समाजशास्त्रको क्षेत्रमा चासो राख्ने **रामचन्द्र बराल**ले त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्रमा विद्यावारिधि गरेका छन् । उनी हाल पृथ्वीनारायण क्याम्पस, पोखरामा समाजशास्त्र विषय अध्यापन गर्छन् । ईमेल : rcbaral@gmail.com